का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ चैत २०७९,
मंगलबार
28 March 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ६२ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com




# पीडितलाई बन्द छ खुलामञ्च

देशभरिबाट ३ हजार ३ सयको हाराहारीमा पीडितले मुद्दा दर्ता गराइरहेका छन् । तर आफ्नो समस्या समाधान हुन नसक्ने देखिएपछि पीडितहरु पुनः आन्दोलित हुन बाध्य भएका हुन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १३ चैत ।

वर्षोदेखि मिटरब्याजबाट पीडित भएका किसानसँग भेटेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दोषीलाई कारबाही र पीडितलाई न्याय दिने आश्वासन दिदैं भनेका थिए – ‘ अघिल्लो सरकारसँग भएको सम्झौता हेर्छु । मिटरब्याजी समस्याले हजारौं किसान पीडित हुनुभएको छ । यसलाई मैले राम्रोसँग बुझेको छु । यस पटक तपाईंहरूको समस्या समाधान गर्ने कुरा मेरो प्राथमिकतामा छ, म समाधान गर्छु ।’ तर, आश्वासनको २ महिना पूरा हुँदा समेत सरकारले प्रभावकारी काम गर्न नसक्दा सदनदेखि सडकसम्म विरोध हुन थालेको छ । जसको विरोधस्वरुप महोत्तरीबाट हिँडेर पीडितहरु काठमाडौं आईपुगेका छन् । गत चैत २ गते महोत्तरीबाट हिँडेका उनीहरु ११ दिनपछि काठमाडौं आईपुगेका हुन् ।

‘जिल्ला प्रशासन कार्यालय, महोत्तरी र मधेस प्रदेश सरकारलाई दुई पटक मागपत्र बुझाउँदा पनि पीडितहरुको माग सम्बोधन नगरेकोले न्यायका लागि महोत्तरीको बर्दिबासबाट काठमाडौंसम्मको पैदलयात्रा गरेका हौं, न्याय नपाएसम्म हाम्रो यात्रा जारी रहनेछ’ संघर्ष अभियानका नेतृत्वकर्ता संघर्ष दाहालले भने ।

उनले तमसुक व्यवस्था खारेज गर, कब्जा गरिएका सम्पत्ति फिर्ता गर, मिटरब्याजीको ऋण तिर्दा पनि तमसुक फिर्ता नगरी उल्टै मुद्दा लगाएर जेल पठाइएका पीडितलाई रिहा गर, यौन शोषण गर्ने मिटरब्याजीलाई कारबाही गर लगायतका माग राखी बुझाईएको पत्रको हालसम्म पनि सम्बोधन नभएकाले टुडिखेलमै आन्दोलन सुरु गर्ने चेतावनी दिएका हुन् ।

> जिल्ला प्रशासन कार्यालय, महोत्तरी र मधेस प्रदेश सरकारलाई दुई पटक मागपत्र बुझाउँदा पनि पीडितहरुको माग सम्बोधन नगरेकोले न्यायका लागि महोत्तरीको बर्दिबासबाट काठमाडौंसम्मको पैदलयात्रा गरेका हौं, न्याय नपाएसम्म हाम्रो यात्रा जारी रहनेछ ।
>
> **संघर्ष दाहाल**
> **संघर्ष अभियानका नेतृत्वकर्ता**

यता, संसदमा पनि संघदेखि स्थानीय तहसम्मका सरकारले पीडितलाई न्याय दिएको आवाज उठ्न थालेको छ । ‘एउटा दुःख लाग्दो आन्दोलन छ, मिटरब्याजी संघर्ष समितिको आन्दोलन । करिब २० वर्षयता मिटरब्याजमा पैसा लगाउनेहरु र घर खर्च चलाउन महंगो ब्याजदरमा ऋण लिनेबीचको संघर्ष २० वर्ष वरपर पुगेको छ’, उनले भनिन्, ‘उहाँहरुले विषय उठाउनुभएको छ । उहाँहरु तीन तहको सरकारमा पुग्नुभएको छ, तर पनि मिटरब्याजीहरु उहाँहरुलाई नै दुःख दिने गरी आइरहेका छन्’ राष्ट्रियसभासदस्य गंगाकुमारी बेलवासेले भनिन् । उनले मिटरब्याजीको समस्या समाधानका लागि कुनै सरकार पनि गम्भीर नबनेको भन्दै समस्या समाधानमा पहल गर्न आग्रह समेत गरेकी छिन् ।

तर, सरकारी पक्ष भने मिटरब्याजी समस्या समाधानका लागि पहल गरिरहेको दाबी गर्छ । ‘उहाँहरूका कुरा सुनेपछि सरकारले मिटरब्याजको समस्या समाधान गर्न के-के गरिरहेको छ भन्ने जानकारी पनि गराएका छौं, हामी गम्भीर तरिकारले उजुरी उपर छानबिन र न्याय दिलाउन प्रतिबद्ध छौं’ गृहमन्त्रालयका सहसचिव जितेन्द्र बस्नेतले भने । उनले पीडितलाई न्याय दिन गम्भीर भएर लागिपरेको दाबी पनि गरेका छन् । तर, पीडितहरु भने न्याय नपाएको भन्दै पटकटक विभिन्न जिल्ला र काठमाडौंमा आन्दोलन गर्न बाध्य भईरहेका छन् । अहिलेपनि देशभरिबाट ३ हजार ३ सयको हाराहारीमा पीडितले मुद्धा दर्ता गराईरहेका छन् । तर, आफ्नो समस्या समाधान हुननसक्ने देखिएपछि पीडितहरु पुन आन्दोलित हुन बाध्य भएका हुन् ।

> उहाँहरूका कुरा सुनेपछि सरकारले मिटरब्याजको समस्या समाधान गर्न के-के गरिरहेको छ भन्ने जानकारी पनि गराएका छौं, हामी गम्भीर तरिकाले उजुरी उपर छानबिन र न्याय दिलाउन प्रतिबद्ध छौं ।
>
> **जितेन्द्र बस्नेत**
> **सहसचिव**
> **गृहमन्त्रालय**

■ विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण आचारसंहिता, २०७९ को पालना गरौं ।

■ विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बालेनको ऐक्यबद्धता

> उहाँहरु (मिटरब्याजीहरु)को मागप्रति एक्यवद्धता जनाउँदै नेपाल सरकार समक्ष उहाँहरुको समस्या समाधानका लागि जोडदार माग राख्दछौं ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १३ चैत ।

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले मिटरब्याजीहरुको मागप्रति एक्यवद्धता जनाएका छन् ।

मेयर शाहले समाजिक सञ्जालमा लेखेर मिटरब्याजीहरुलाई कारबाहीको दायरामा ल्याउने सरकारको प्रतिबद्धता आश्वासनमै सीमित भएको टिप्पणी गरेका छन् । उनले पीडितहरू सधैं काठमाडौंमा आएर आन्दोलन गर्नुपर्ने स्थिति सिर्जना हुँदा पनि सरकार हेरेर बसेको भी आलोचना गरेका छन् ।

‘विगत केही वर्षदेखि नेपाल सरकारले मिटरब्याजीहरुलाई कारबाहीको दायरामा ल्याउने कुरा आश्वासनमै सीमित रह्यो । सधैं काठमाडौं आएर आन्दोलन नै गर्नुपर्ने स्थिति सिर्जना हुँदा पनि सरकार हेरेर बस्ने अवस्था छ’ मेयर शाहले लेखेका छन् ।

उनले पीडितहरूको मागप्रति ऐक्यबद्धता जनाउँदै सरकार समक्ष समस्या समाधानका लागि माग गरेका छन् । ‘हामी चाहन्छौं यस्तो अवस्थामा काठमाडौं कोही आउन नपरोस्, गाउँगाउँमा सरकार पुगोस्’ उनले भनेका छन् ।

११ दिन हिँडेर न्यायका लागि काठमाडौं आएका पीडितहरुलाई मानवतको नाताले काठमाडौं महानगरपालिकाले पशुपति धर्मशालामा खाना र बासको व्यवस्था गर्ने मेयर शाहले घोषणा गरेका छन् । मेयर शाहले पीडितहरूसँग पशुपति जान पनि अग्रह गरेका हुन् । आन्दोलनका लागि रत्नपार्कको शान्तिबाटिकामा गर्न पनि प्रबन्ध गरेको मेयर शाहले बताएका छन् ।

## वैदेशिक रोजगार विशेष

## विभागमा संघको सम्पर्क कार्यालय स्थापना

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ चैत

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क कार्यालय स्थापना गरेको छ ।

संघको नवनिर्वाचित कार्यसमितिले गत माघ २८ गते संघका सचिव कर्णराज कटुवालको संयोजकत्वमा वैदेशिक रोजगार विभाग सम्वन्यन समिति गठन गरेको थियो । समितिको सदस्यमा कार्यसमिति सदस्यहरू राजेन्द्र बस्नेत, सोमबहादुर लामा, कैलाश पाठक, देवेन्द्र नारायण श्रेष्ठ, चन्द्रबहादुर लिम्बू, आनन्द कोइराला, देवीमाया थापा र नारायण भुसाल रहेका छन् ।

विभागले संघको समन्वय समितिलाई विभाग कम्पाउण्डको भुईंतलाको एउटा कोठा उपलब्ध गराएको छ । संयोजक कटुवालले विभागमा प्रत्येक दिन दुई बजेदेखि ५ बजेसम्म समितिका पृष्ठ २ मा

### सिजनल भिसा भन्दै पासपोर्ट संकलन गर्ने परियार रकम फिर्ता गर्न सहमत

**काठमाडौं/मस–** सिजनल भिसामा बेलायत लैजाने भन्दै १ सय ९ थान राहदानी संकलन गरेकी शिला परियार अन्ततः उठाएको रकम फिर्ता गर्न राजी भएकी छन् ।

विभागले गत चैत १० गते बेलायतको सिजनल भिसाअन्तर्गत वैदेशिक रोजगारको प्रलोभन दिएर राहदानी र रकम लिएको अवस्थामा सामाखुशीस्थित होटल स्काई ब्यांक्वेटमा छापा मारेर गिलुङ-८ लमजुङकी शिला परियारबाट १ सय ९ थान राहदानी बरामद पृष्ठ २ मा



## शिक्षा नीतिलाई गिज्याइरहेको दृश्य

बेला बेला सार्वजनिक हुने गरेका परीक्षा हल बाहिरबाट चिट चोराउँदै गरेका दृश्यले धेरैलाई झस्काउँछ ।

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १३ चैत

रौतहट सदरमुकाम गौरस्थित गौरी शंकर यादव क्याम्पसमा सञ्चालन भएको बीबीएस चौथो वर्षको परीक्षा अव्यवस्थित रुपमा सञ्चालन भएको पाइएको छ । उक्त परीक्षामा चिट चोराउँदै गरेको दृष्य बाहिरएको छ । परीक्षा हल परिसरमा सानोतिनो भीड नै छ । ती मानिसहरू विद्यार्थीलाई झ्याल बाहिरबाट चिट पठाइरहेको तस्बिर र भिडियोमा स्पष्ट देखिन्छ । लुगा खोलेर त्यसमार्फत चिट पठाइरहेको दृश्य प्रष्ट देखिन्छ ।

परीक्षा केन्द्रको यस्तो गतिविधिको भिडियो र तस्बिर सामाजिक सञ्जाल फेसबुक र टिकटकमा भाइरल भएको छ । सोमबार बीबीएस चौथो वर्षको फन्डामेन्टल अफ कर्पोरेट फाइनान्सको परीक्षा थियो । उक्त परीक्षाको वातावरणले नेपालको भविष्यलाई चिन्तित बनाएको स्थानीय शिक्षक सन्तोष पौडेल बताउँछन् । उनी पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
Reputed company is seeking a highly skilled and experienced employee to join our team.
MANAGER : 1 (M/F)
ACCOUNTANT : 1 (M/F)
DOCUMENTATION : 1 (M/F)
SALARY Negotiable
Note: Priority To Related Field Experience
S.N. RECRUITING SERVICE PVT.LTD.
Nagarjun-2, Kathmandu, Nepal
Tel: 01-4890823, 9851123476, 9851089074, 9851328717

# सात दिनभित्र सवारी अनुमति पत्र दिने तयारी



**काठमाडौं / मस**-उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले नागरिकलाई सात दिनभित्र सवारी चालक अनुमतिपत्र प्रदान गर्ने तयारी गरिएको बताएका छन्। आफूले मन्त्रालय सम्हालेको तीन महिना नाघेका सन्दर्भमा सोमबार आयोजित पत्रकार सम्मेलनमा उनले अबको आठ महिनापछि तीनदेखि सात दिनभित्र सवारी चालक अनुमतिपत्र दिने कार्ययोजना निर्माण गरिरहेको जानकारी दिए।

हाल सेवाग्राहीले सवारी चालक अनुमतिपत्र लिन झन्डै एक वर्ष कुर्नुपर्छ। मागअनुसार चालक अनुमतिपत्र छाप्न नसक्दा वितरणमा समस्या भएको उनको भनाइ छ। अहिले दैनिक छ हजार चालक अनुमतिपत्रको माग छ। तर दैनिक चार हजार अनुमतिपत्र मात्र छपाइ हुँदै आएको छ। अझै आठ लाख अनुमतिपत्र छाप्न बाँकी रहेको यातायात व्यवस्था विभागले जनाएको छ।

सवारी अनुमतिपत्र वितरण सहज बनाउन सरकारले अर्को 'मास प्रिन्टर' खरिद गर्ने तयारी गरेको छ। सम्बन्धित प्रदेशमा चालक अनुमतिपत्रको मागअनुसार प्रिन्टर खरिद गर्न प्रदेश सरकारसँग पनि छलफल गरिरहेको उनको भनाइ छ। अहिले बागमती र लुम्बिनी प्रदेशमा चालक अनुमतिपत्रको माग उच्च छ। बाह्र लाख स्मार्ट कार्ड आपूर्तिका लागि अन्तर्राष्ट्रिय बोलपत्रमार्फत छनोट भएको जर्मनीको कम्पनीसँग गत फागुन १० गते सम्झौता भई शीघ्र आपूर्तिको पहल भइरहेको उनले जानकारी दिए।

विभागले सवारी अनुमपतिपत्र छपाइमा देखापरेको समस्याको स्थायी समाधान नभएसम्म विदेश जाने कामदार, विद्यार्थी, शान्ति मिसनमा जाने सेना, प्रहरी र कूटनीतिज्ञलाई अनलाइन निवेदन दिएको तेस्रो दिनभित्र स्मार्ट कार्ड छपाइ गरी उपलब्ध गराउँदै आएको छ।

**इम्बोस्ड नम्बर नेपालीमा**

उपप्रधानमन्त्री श्रेष्ठले इम्बोस्ड नम्बर नेपालीमा राख्ने योजना बनाइरहेको बताए। 'इम्बोस्ड अंग्रेजी भाषामा छ, यो नेपाली भाषामा पनि राख्नुपर्छ भनेर बहस भइरहेको छ, मन्त्रालयले इम्बोस्ड नम्बरलाई नेपाली राख्ने योजना अगाडि बढाइएको छ', उनले भने। इम्बोस्ड नम्बर 'रिड' गर्न दुई स्थानमा 'गेट' निर्माण गरिने छ। उक्त नम्बर जडान गर्दा लाग्ने शुल्क पनि कम गर्ने तयारी गरिएको उपप्रधानमन्त्री श्रेष्ठको भनाइ छ। 'नम्बर जडान गर्दा लाग्ने शुल्क केकति उपभोक्ताबाट लिने भन्नेबारेमा छलफल भइरहेको छ', उनले भने।

# एकैदिन ६९ जनामा कोरोना संक्रमण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ चैत




नेपालमा कोरोना भाइरसको संक्रमण पुनः बढ्न थालेको छ। पछिल्लो २४ घण्टामा ६९ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार सोमबार एक हजार २ सय ६६ जनामा गरिएको परीक्षणमा ६९ जनामा कोरोना संक्रमण देखिएको हो। यसअघि चैत १२ गते १६ जना र चैत ९ गते १७ जनामा देखिएको संक्रमण देखिएको थियो। संक्रमित बढेसँगै ६६ जना सक्रिय संक्रमित पनि बढेको पाइएको छ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.चुमनलाल दासले भारतमा संक्रमण बढिरहेको र खुला सिमानाका कारणले नेपाल संक्रमण बढ्न थालेको बताए। अहिले सबभन्दा बढी संक्रमित नेपाल भारतको कैलालीको धनगढीस्थित त्रिनगर नाकाबाट प्रवेश गरिरहेका छन्। उनले सबैलाई स्वास्थ्यको मापदण्ड र खोप लगाउन आग्रह गरेका छन्। भारतको उत्तरप्रदेश संक्रमण बढिरहेको छ।

मन्त्रालयले कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि अतिरिक्त मात्रा (बुस्टर डोज) सबैलाई लगाउन निर्देशन दिएको छ। अहिले उपत्यकासहित सबै ठाउँमा बुस्टर डोज लगाउने अभियान सञ्चालनसमेत भइरहेको छ। यसअघि आइतबार थप १६ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो।

# बेचबिखनमा परेका नौ युवतीको उद्धार, तीन जना पक्राउ

**काठमाडौं / मस**- नेपाल प्रहरीले मानव बेचबिखनमा संलग्न तीन जनालाई पक्राउ गरेको छ। प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोले काठमाडौंका विभिन्न बार, क्लब, क्याफे, दोहोरी साँझमा काम गर्ने नौजना युवतीलाई भारतको नयाँदिल्लीस्थित विभिन्न होटल, रेष्टुरेन्ट, फेन्सी पसलमा आकर्षण काम पाइने भनी प्रलोभनमा पारेर भारतको नयाँदिल्ली पुऱ्याएर बेश्यावृत्तिमा लगाउने तीनजनालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो।

पक्राउ पर्नेमा मकवानपुर भीमफेदी गाउँपालिका-९ की २० वर्षीय सम्झना तामाङ भनिने सेन्जी तामाङ, धादिङ धुनबेंसी नगरपालिका-२ का २५ वर्षीय भुवन तामाङ र धादिङ धुनबेँसीकै २० वर्षीय सुस्मा मग्राती रहेका छन्। ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक कृष्णप्रसाद पङ्गेनीले नेपाली युवतीलाई विभिन्न प्रलोभनमा पारेर भारतमा लगेर वेश्यावृत्तिमा लगाएको गोप्य सूचनाका आधारमा भारतस्थित नेपाली दूतावास र भारतीय प्रहरीको सहयोगमा उद्धार गरिएको जानकारी दिए।

प्रहरीले पक्राउ परेका तीनैजनालाई सोमबार जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको प्रवक्ता पङ्गेनीले बताए।

## प्रधानमन्त्रीविरूद्ध नाराबाजी गर्ने जेल चलान

काठमाडौं / मस-प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'विरूद्ध नाराबाजी गर्ने ३ जना जेल चलान भएका छन्। आइतबार जिल्ला प्रशासन कार्यालयले अभद्र व्यवहारको कसुरमा पाँच हजार रुपैयाँ धरौटीमा रिहा हुन आदेश दिएको थियो। उक्त धरौटी रकम नबुझाएका कारण उनीहरु जेल चलान भएको जिल्ला प्रहरी परिसर काठमाडौंका डिएसपी निरञ्जन भट्टले जानकारी दिए।

जेल चलान हुनेहरुमा सोलुखुम्बुका २३ वर्षीय उद्धव बस्नेत, बागलुङका ३० वर्षीय सोम शर्मा र बझाङका १८ वर्षीय विप्लव खड्का रहेका छन्। गत मंगलबार बानेश्वरमा प्रधानमन्त्री प्रचण्ड सहभागी कार्यक्रममा उनीहरुले प्रधानमन्त्रीविरुद्ध नाराबाजी गरेका थिए।

## विभागमा...

कम्तीमा ३ जना सदस्य अनिवार्यरूपमा उपस्थित रहने बताए। समन्वय समितिले विभागमा म्यानपावर कम्पनीविरूद्ध परेका उद्धार, राहत, फिर्ता तथा क्षतिपूर्तिका उजुरीमाथि अनौपचारिकरूपमा छलफल गरेर सहमति गराई उजुरी फछ्र्यौटका लागि प्रयास गर्ने पनि संयोजक कटुवालले बताए।

विभागमा हाल साउदी अरेबिया तथा यूएईबाट फर्किएका कामदारहरूको उजुरी बढी मात्रामा पर्ने गरेका छन्। फर्किएकामध्ये अधिकांश कामदार व्यक्तिगत कारणले फर्किने गरेका भएपनि स्वदेश फर्केपछि क्षतिपूर्तिको माग गर्दै उजुरी दिने गरेको वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ छ।

गैरसरकारी संस्था तथा अनधिकृत युट्युबरहरूको उक्साहटमा उजुरी दर्ता गराउनेहरूका कारण समस्या बढेको संयोजक कटुवालले जानकारी दिए।

## सिजनल...

गरेको बताएको थियो। परियारले ६ महिनाभन्दा बढीको वैदेशिक रोजगार, डिपेन्डेन्टलगायत अध्ययन भिसामा बेलायत पठाइदिने प्रलोभन दिई ती राहदानी संकलन गरेको विभागले जनाएको छ।

विभागको नियन्त्रणमा रहेकी परियारले रकम फिर्ता गर्न सहमति जनाएपछि पीडितहरूले साँवा रकम र राहदानी फिर्ता भए उजुरी फिर्ता गर्ने बताएका छन्। परियारले न्यूनतम ३५ हजारदेखि माथि रकम उठाएको पाइएको विवरण संकलनमा खटिएका विष्णुप्रसाद कार्कीले बताए। उनले पीडितहरूको विवरण संकलन गरिरहेको भन्दै ठगीको रकम एकिन हुन बाँकी रहेको बताए।

वैदेशिक रोजगार ऐनले इजाजत नलिई वैदेशिक रोजगारको काम गर्नेलाई कडा कारबाहीको व्यवस्था गरेपनि मुलुकी फौजदारी संहिताले वैदेशिक रोजगार कसुरमा मिलापत्र गरेर विवादको निप्टारा गर्नसक्ने व्यवस्था गरेको छ।

## शिक्षा...

परीक्षा नै रद्द गर्नुपर्ने पक्षमा छन्। स्थानीयहरु परीक्षामा चिट चोर्ने र चोराउने प्रतिस्पर्धा नै चल्ने गरेको बताउँछन्। सो परीक्षा केन्द्रमा जिल्ला प्रहरी कार्यालय गौरबाट ६ जनाको टोली समेत परिचालन गरिएको थियो। परीक्षा केन्द्रका केन्द्राध्यक्ष, प्रहरी टोली, परीक्षा गार्ड समेत खटिएका थिए तर उनीहरु नै रमिते बनेको पौडेल बताउँछन्। परीक्षाका नाममा भत्ता खाने व्यक्तिलाई आवश्यक छानविन गरी कारबाही गर्नुपर्ने स्थानीयको माग छ।

कुनै पनि परीक्षा व्यवस्थित, मर्यादित र प्रभावकारी ढंगले सञ्चालित हुनुपर्ने कानुनी व्यवस्था छ। प्रवेशपत्रको पछाडि परीक्षार्थीले ध्यान दिनुपर्ने बुँदाहरु समेत स्पष्ट उल्लेख गरिएको हुन्छ। तर, कसैले पनि नियम, कानुन र अभ्यासलाई ख्याल नगर्दा समस्या भएको सम्बन्धित अधिकारीहरु बताउँछन्।

गौरी शंकर यादव क्याम्पसका व्यवस्थापन प्रमुख मोहन यादव मंगलबार देखिको परीक्षा अनुशासित तवरले सञ्चालन गर्ने बताउँछन्। उक्त परीक्षा केन्द्रमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त जुद्ध क्याम्पस गौर, मध्य रौतहट क्याम्पस गरुडा, जयकिसान क्याम्पस धरहरि, कटहरिया क्याम्पस, जनज्योति क्याम्पस चन्द्रनिगाहपुर, लक्ष्मी श्री क्याम्पस समनपुर, बागमती क्याम्पस पिपरा भलोहिया र वाल्मीकी क्याम्पस गौर गरी करिब ३ सय पचास जना विद्यार्थी परीक्षा दिइरहेका छन्।

**भूल सुधार**

मिति २०७९/१२/१३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **UAE** मा रोजगारको अवसर शिर्षक, कम्पनी: **Tamayaz Employment Services,** पूर्व स्वीकृत मिति २०७९/११/०२, **LT. No.: 281044** र चलानी नं.: ६०१९६५२३ को पुन: विज्ञापनमा अन्तर्वार्ता होटल प्रिमियर प्यालेस, रूपन्देहीमा मिति २०७९/१२/२० गते (3 April 2023) मा र मेनपावर कार्यालय काठमाडौंमा मिति २०७९/१२/२१ गते (4 April 2023)मा र सम्पर्क नं. 9809559103, 9860938738 हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

S. P. M. OVERSEAS PVT. LTD.
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal
Gov. Lic No. 817/066/067

**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार ब्यबसाय संचालन गर्न इजाजत प्राप्त यस **Link International Placement Service Pvt. Ltd.** श्रम इजाजत पत्र न. ८२१/०६६/०६७ कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.न. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | राम बहादुर साह | Accountant | सप्तरी, हनुमाननगर–५ |
| २ | प्रकाश पौडेल | General Manager | स्याङ्जा, दरौं–१ |

Link International Placement Service Pvt.ltd.
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

**Jahada Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Morang, Koshi Province, Nepal**

**INVITATION FOR SEALED QUOTATION**

**Date of 1st Publication: 23rd Falgun, 2079**
**Date of 2nd Publication: 14th Chaitra, 2079**

1. The Jahada Rural Municipality invites sealed quotations from registered Suppliers for the Procurement of medicine.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Jahada Rural Municipality, Majhare, Morang or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder submitting their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Machhapuchhre Bank Limited, Jahada Branch.**
   **Name of the Office: Jahada Rural Municipality, Office of the Municipal Executive, Morang**
   **Aantarik Rajaswa Khata No: 0740069040900131**
4. Electronic bids must be submitted to the office Jahada Rural Municipality,Majhare, Morang through e-GP system www.bopatra.gov.np/egp on or before **12:00 PM on 29th Chaitra 2079.** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM 29th Chaitra 2079** at the office of Jahada Rural Municipality, Majhare, Morang. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or cash deposited voucher, which shall be valid for 30 days beyond the validity period of the bid. The bank account details for cash deposit is given by:
   **Name of the Bank: Machhapuchhre Bank Limited, Jahada Branch.**
   **Name of the Office: Jahada Rural Municipality, Office of the Municipal Executive, Morang**
   **Dharauti Khata No.: 0740069040900031**
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S. N. | Contract ID | Descriptions | Estimated Amount (Without VAT) | Bid Document Cost | Bid Security Amount | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | JRM/GOODS/ SQ/079/80-13 | Procurement of Medicine | NRs. 11,33,893.00 | NRs. 1000.00 | NRs. 30,000.00 | 12:00 PM on 2079-12-29 | 1:00PM on 2079-12-29 |

**Chief Administrative Officer**

**मलेसियामा रोजगार** | कम्पनी: LAY HONG FOOD CORPORATION SDN. BHD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०१/१३ चलानी नं.: ६०१७९५४७ LT. No.: 271491 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Paking And Packaging | 36 | 0 | स. काममा दक्ष | 1500 | ४४,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २१ गते (4 April 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Apollo Manpower Services Pvt. Ltd.
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748, 5901370, Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९

**मलेसियामा रोजगार**
कम्पनी: FEI LOU WU CURRY MEE & HAINAMESE CHICKEN RICE
शहर: Malaysia, Ipoh Perak

पूर्व स्वीकृत मिति: २०७९/१२/१३ चलानी नं.: ६०१९८८७५ LT. No.: 283389

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | स. काममा दक्ष | 1500 | ४४,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २१ गते (4 April 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD.
Maharajgunj-03, 2 No. Gate President House, Kathmandu | Tel. No.: 01-4535733, 4538533
Mob. No.: 9810124818 | 9847364227 | 9815390822 | Email: Happynepalemployment@gmail.com
Website: Www.happynepalemployment.com.np
श्रम इजाजत पत्र नं. ८८३/०६७/०६८

**Patan Municipality**
**Office Of Municipal Executive**
**Patan, Baitadi**
**Sudurpaschim Province**

**INVITATION FOR BIDS (IFB)**

**IFB NO.: NCB/PTNMUN/W-04/79/80**
**Date of Publication: 2079-12-14 BS (2023-03-28AD)**

Patan Muncipality , Patan, Baitadi, invites electronic bids from eligible bidders for the following works under NCB single stage single Envelope system bidding procedure. Bidders may obtain further information from the PPMO'S web portal: www.bolpatra.gov.np/egp and Patan Muncipality, Patan, Baitadi.

| S N | Contract No/ BidNo | Description of Works | Total Estimate Amount with PS(Excluding VAT) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/ PTNMUN/ W-04/79/80 | Bijayapur-kichar-surnaya road construction, patan municipality 09 aitadi. | 52,85,683.04 | 160,000.00 | 3,000/- | (2023-04-27AD) ( 2080/01/14) 12:00 Hours | Single Stage Single Envelope |

**Chief Administrative Officer**

# ‘नेपालको आँखा उपचार विश्वमै उत्कृष्ट’

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १३ चैत



प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले नेपालको आँखा उपचार विश्वमै उत्कृष्ट रहेको बताएका छन्। सोमबार नेत्रज्योति संघको ४५औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा उनले नेत्रज्योति संघले आँखा उपचारमा गरेको कार्यको प्रशंसा गरे ।

संघले अघि सारेको ‘हेल्थ टुरिजम’को अवधारणाका कारण नेपालले विश्वमै स्वास्थ्य सेवामा ख्याती कमाउन सक्ने विश्वास उनले व्यक्त गरे । ‘संघले अस्तिभन्दा हिजो र हिजोभन्दा आज उपचारको प्रक्रिया सुदृढ बनाउँदै लगेको छ’, सभामुख घिमिरेले भने। देशका हरेक क्षेत्रमा संघले आफ्नो सेवा विस्तार गर्दै गर्दा त्यसमा सरकारको पनि पूर्ण साथ रहने उनले बताए ।

दृष्टिविहीनको जीवनमा उज्यालो छर्न गरेका प्रयासका कारण नेत्रज्योति संघ उदाएको उनको भनाइ थियो । संघले सेवा प्रदान गरिरहँदा केही हदसम्म गरिरहेका त्रुटीहरु सच्याएर अघि बढ्नुपर्नेमा सभामुख घिमिरेले जोड दिए । यस्तै कार्यक्रममा राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानका पूर्वउपकुलपति डा. डिएन शाहले नेत्रज्योति संघले आँखा उपचारमा नयाँ क्रान्ति ल्याएको बताए । गरिब, विपन्न व्यक्तिहरुको सेवामा निरन्तर लागिपरेको नेत्रज्योति संघको प्रशंसा गर्दै उनले आगामी दिनमा पनि संघले दूर-दराजका आँखा रोगीको उपचार गरोस् भन्ने आशा व्यक्त गरे । कार्यक्रममा सेवा फाउण्डेसनको तर्फबाट बोल्दै रिजिनल डाइरेक्टर रवीन्द्र शाक्यले ‘नेशनल ब्लाइन्डनेस सर्भे’को माध्यमबाट देशभरमै विविध स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको जानकारी गराए । नेत्रज्योति संघसँगको सहकार्यमा आगामी दिनमा पनि जनताको स्वास्थ्य सेवामा निरन्तर लागिरहने उनले प्रतिबद्धता जनाए।

सुनसरीको दुहवी नगरपालिकाका प्रमुख वेदनारायण गच्छदारले आफ्नो क्षेत्रमा नेत्रज्योति संघकै सहकार्यमा सयौं आँखा रोगीको उपचार गर्न सफल भएको बताए । ‘हामीले अहिले मोबाइल एपबाट उपचार सहजीकरणको व्यवस्था मिलाएका छौं । जसबाट आँखाको मोतिविन्दु, जलविन्दु र आँखामा मासु पलाएकाहरुको उपचार गरिरहेका छौं,’ गच्छदारले भने। उनले हरेक वर्ष नगरपालिकाले नगरवासीको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै ६० देखि ७० लाखको बीमा कार्यक्रम सञ्चालन गर्ने गरेको जानकारी गराए । साही कार्यक्रममा आँखाको पाटो पनि समेट्ने लक्ष्य रहेको गच्छदारले बताए ।

यसैगरी कार्यक्रममा संघले अन्धोपन निवारण गर्ने संघको उद्देश्य प्राप्तिमा जग्गा दान गरेर विशेष योगदान पुऱ्याउने चौधरी दाता परिवारलाई ‘विशिष्ट नेत्रज्योति सम्मान’बाट सम्मनित गरेको छ ।

# कार्यकारी सम्पादक स्व. तामाङको अन्त्येष्टि



**काठमाडौं/मस–** मष्तिष्कघातका कारण निधन भएका मध्यान्ह राष्ट्रिय दैनिकका कार्यकारी सम्पादक दीपेन्द्रविक्रम तामाङको सोमबार अन्त्येष्टि गरिएको छ । सोमबार बौद्ध धार्मिक परम्पराअनुसार स्वयम्भू तामाङघाटमा उनको अन्त्येष्टि गरिएको हो। स्व. तामाङको पार्थिव शरीर स्वयम्भु तामाङघाट लगेपछि तामाङ परम्पराअनुसार लामा गुरुले दागबत्ति दिएका थिए । उनको अन्त्येष्टिमा आफन्तका साथै राजनीतिक दलका नेताहरु, सञ्चारकर्मी, कलाकार, तामाङ समुदायका प्रतिनिधिहरुको बाक्लो उपस्थिति रहेको थियो ।

अन्त्येष्टि अगाडि उनको पार्थिव शरीर अन्तिम श्रद्धाञ्जलीका लागि राष्ट्रिय नाचघर र तामाङगुम्बा बौद्धमा राखिएको थियो ।

तामाङलाई गत फागुन २८ गते मष्तिष्कघात भएको थियो । मेडिसिटी अस्पतालमा उपचाररत उनको गत शनिबार निधन भएको थियो । तामाङको पार्थिव शरीरलाई तीन दिनसम्म तामाङ परम्पराअनुसार गुम्बामा राखेर चीर शान्तिको कामना गरिएको थियो ।

२०३६ साल चैत १९ गते काभ्रेमा जन्मिएका तामाङ सिटिजन एफएम, सगरमाथा रेडियो, न्यूज २४ टेलिभिजन, नेपाल समाचारपत्र दैनिक, जनता टेलिभिजनसँगै पछिल्लो समय मध्यान्ह दैनिकमा प्रमुख कार्यकारी अधिकृत तथा कार्यकारी सम्पादकको भूमिकामा रहेका थिए । तामाङका श्रीमती, एक छोरी र एक छोरा रहेका छन् ।


**Karnali Province Government**

## Ministry of Physical Infrastructure, Energy And Water Resources

## Infrastructure Development Directorate

**Birendranagar, Surkhet**

## Invitation for Bids

**IFB No: 07-079/080**

**Date of First Publication: 2079/12/14 (28th Mar, 2023)**

1. Infrastructure Development Directorate (IDD), Birendranagar, Surkhet invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number/Work Description | Estimated Amount without VAT & Contingencies (NRs) | Bid Validity /Bid Security Validity Period | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|
| 1 | IDD/SKT/W/NCB/44/079-080 Hudke -Bureni -Majhghat-Chepang Jamu Road (Chainage 0+000 to 16+657.64 km) Barahatal Rural Municipality, Surkhet | Average Annual Construction Turnover (AACT) Nrs 39,00,00,000.00 | 120 Days/150 Days From Bid Openning Date | 2,20,00,000.00 | 20,000.00 |

2. Information to deposit the cost of bidding document and bid security in bank is as follow respectively:
**Name of the Bank: Rastriya Banijya Bank** **Revenue Account Number: 10002000100006**
**Name of Office: Infrastructure Development Directorate, Birendranagar, Surkhet**
**Rajaswo Shirshak (revenue) Number: 14229** **Security Account Number: 4080100202030000**
**Office Code Number: 3370168016**
3. Eligible Bidders may refer complete set of Bid document for further information at Infrastructure Development Directorate, Birendranagar, Surkhet Telephone No: **083-521459** or may visit PPMO e-GP System **www.bolpatra.gov.np/egp.**
4. Bidder shall have the option of submitting their bids electronically only. Submission of Hard copy bids shall not be entertained.
5. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 (including amendment) and other prevailing rules and regulations of GoN.
6. Any amendments in this tender notice will be posted in the notice board of Infrastructure Development Directorate (IDD), Karnali Province, Surkhet or may visit PPMO e-GP System **www.bolpatra.gov.np/egp.**

**Act. Director**



## माडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**बसन्तपुर, चितवन**

**बागमती प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७९/१२/१४**

यस कार्यालयको मिति २०७९।११।०५ गतेको नँया पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विद्युतिय बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विद्युतिय बोलपत्रहरु मूल्यांकन हुँदा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही रहेकोले उक्त बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. स. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मूल्य अभिवृद्धि कर र P.S. सहित) |
|---|---|---|---|
| १ | NCB/MMO/08/2079-80 को Construction Of existing Madi Municipality Office Building Additional floor works, Madi-3 Basantapur | Sires Engineering & Construction, Kathmandu-31 | रु.३९,९८,७३२.७३।- |

**प्रमुख प्रशासकीय अधिकृत**



## यूएईमा रोजगार | १. कम्पनी: BASATIN LANDSCAPING L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/१०/१७ चलानी नं.: ६०१९५८६९ LT. No.: 280362 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Garden Worker | 14 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Horticulturist | 15 | 0 | | 1100 | ३९,५४५ | | | | | | | |
| 3. | Skilled Forester | 36 | 0 | | 1100 | ३९,५४५ | | | | | | | |
| 4. | Tile Layer | 35 | 0 | | 1100 | ३९,५४५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ चैत २१ गते (4 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646, 4593647
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com



## कतारमा रोजगार | १. कम्पनी: Digital Energy Engineering Services WLL

पूर्व स्वीकृत मितिः २०२२/१०/२५ चलानी नं.: ६०१८५९८९ LT. No.: 274421 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५०,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | LABOUR | 2 | 0 | | 1000 | ३५,९५० | | | | | | | |
| 3. | Cabling Tech | 36 | 0 | | 1200 | ४३,१४० | | | | | | | |

## साउदीमा रोजगार | कम्पनी: SASS DEVELOPMENT CONTRACTING COMPNAY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०७/२९ चलानी नं.: ६०१९१३३७ LT. No.: 275714 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ चैत २१ गते (4 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतार: नि:शुल्क साउदी: रु.१०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Link International Placement Service Pvt.ltd.**
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



## साउदीमा रोजगारको अवसर | कम्पनी : FARIS AL ARAB CONTRACTING COMPANY
शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७९/१२/१३ चलानी नं.: ६०१९८८४१ L.T. No.: 283481

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ चैत २१ गते (4 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**गल्फ स्काई ईन्टरनेशनल प्रा. लि.**
Gulf Sky
श्रम ईजाजत नं. ८९०/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, E-mail:gulfskyintl890@gmail.com
फ्याक्स : ५९०५०२७, फोन नं.: ५९०५०२६, ५९०५०२५, ९८४१३९७२७५, ९८४१७९२८८८, ९८०१११६८६९



## साउदीमा रोजगार | कम्पनी : ANSAM AL KHLEEJ CONTRACTING COMPANY
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०७९/०८/१३ चलानी नं.: ६०१९२३०९ L.T. No.:276706 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Telecom And It Installation Labour | 5 | 0 | स. काममा दक्ष | 1200 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ चैत २१ गते (4 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**EQUATOR INTERNATIONAL (P.) Ltd.**
LIC. NO. 746/064/065
कार्यालय: गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851096808, 98510-34986, 9851011886
Email: equator746@gmail.com | Website: www.equatorintl.com



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१४ चैत २०७९, मंगलबार
28 March 2023, Tuesday

## सम्पादकीय

# न्याय नपाएका नागरिक

सोमबार देखिएका दुई दृष्यले मुलुकमा नागरिक शासन र लोकतन्त्रको दयनीय रूप प्रकट गर्छ । पहिलो दृष्य, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डविरूद्ध नाराबाजी गर्ने ती जनालाई केन्द्रीय कारागार डिल्लीबजार चलान गरियो । गत चैत ७ गते प्रधानमन्त्री प्रचण्ड सहभागी एक कार्यक्रममा नाराबाजी गर्ने सोलुखम्बुका उद्धव बस्नेत, बाग्लुङका सोम शर्मा र बझाङका विप्लव खड्का पक्राउ परेका थिए । उनीहरूलाई पाँच दिन प्रहरी हिरासतमा राखेर सोमबार केन्द्रीय कार्यालय डिल्लीबजार चलान गरिएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौले तोकेको प्रतिब्यक्ति रू.५००० नबुझाएपछि उनीहरूलाई केन्द्रीय कारागार चलान गरिएको हो । उनीहरूलाई प्रधानमन्त्रीविरूद्ध अभद्र व्यवहार गरेको आरोप लगाइएको छ, त्यही मुद्दामा कारागार चलान गरिएको हो ।

सोमबार देखिएको अर्को दृष्य हो, लघुवित्त पीडितहरूलाई खुला मञ्च प्रवेश निषेध । मधेश प्रदेशबाट लङ मार्च गरेर पैदल राजधानी आइपुगेका उनीहरू खुला मञ्चमा प्रदर्शन गर्न चाहन्थे । तर प्रहरीले रोकेपछि उनीहरू त्यहाँ प्रवेश गर्न पाएनन् । जबकी खुलामञ्च त्यही हो, जहाँ पञ्चायतकालमा पनि प्रदर्शन हुन्थ्यो । राजतन्त्रविरूद्धका आन्दोलन त्यहीबाट दलहरूले चलाए । तर अहिले न्याय माग्न राजधानी आइपुगेका पीडितहरूले त्यो ठाउँ प्रयोग गर्न पाएनन् । एकैदिन देखिएको यी दुई घटनाबाट मुलुकमा लोकतन्त्र र नागरिक शासन कति कमजोर अवस्थामा छ भन्ने बुझाउन पर्याप्त छ । अझ कोशी प्रदेशको नामाकरणमा असहमति जनाउनेहरूको आन्दोलनमा प्रेम लिम्बुको ज्यान जानु अनि राजधानीमै बित्तीय लगायत क्षेत्रको समस्या देखाएर इलामका प्रेमप्रसाद आचार्यले आत्मदह गर्नु परेको घटनाको बृतान्त निकै लामो हुन्छ ।

तर यी घटनाहरूले देखाएको मुख्य सन्देश भनेको मुलुकमा सुशासनको अवस्था कमजोर बन्दै गइरहेको छ । जसका कारणले नागरिकले आत्मदहसम्मको निर्णय लिएका छन् । तर राज्य सत्ता भने त्यस्ता आवाज दबाउन चाहन्छ । मुलुकमा ब्याप्त अव्यवस्था र त्यसबाट न्यायको माग गर्नेहरूलाई फौजदारी कानून अनुसार कार्बाही प्रक्रिया अगाडि बढाउनु र खुला मञ्च पीडितहरूलाई निषेध गर्नुले त्यो पुष्टि हुन्छ । यसले अझैपनि आमनागरिकलाई निर्वाध आवाज उठाउन मुस्किल रहेको मात्रै देखाउँदैन, त्यसबाट मुलुकको लोकतन्त्र कमजोर हुँदा व्यवस्थामाथि खतरा रहेको सन्देश पनि जान्छ । अतः सरकार र सरकारका प्रधानमन्त्रीले यसबारे गम्भीर भएर सोच्न आवश्यक छ । नागरिकलाई न्याय भन्दा प्राथमिकताको अर्को काम राज्यसँग हुँदैन भन्ने बुझ्न जरूरी छ ।

# राष्ट्रिय योग्यता प्रारूपमाथिको बहस

*अहिले पनि ६० लाखभन्दा बढी नेपाली युवायुवतीहरू कामदारको रूपमा विदेशिएको सरकारी तथ्यांकले देखाउँछ । अनौपचारिकरूपमा आफुखुशी विदेशिएकाको संख्यासमेत जोड्ने हो भने त यो संख्या विकराल नै छ । यसरी विदेशिने युवाहरूमा अधिकांश अदक्ष वा अर्धदक्षको संख्या बढी छ ।*

अग्रलेख



● बाबुकाजी कार्की

देश विकासको लागि दक्ष जनशक्ति उत्पादन गर्नु राज्यको दायित्व हो । उर्जाशील उमेर १५ वर्षमाथिका युवाहरुको प्रतिभाको पहिचान र प्रवर्द्धन गर्ने खालको अनौपचारिका प्रकृतिको शिक्षा आजको खाँचो हो । विभिन्न कारण र बाध्यताबाट औपचारिक शिक्षा पूरा गर्न बिमुख भएका जनशक्तिलाई उनीहरुको रूची, चाहना र आवश्यकताको आधारमा सहज पहुँचको सुनिश्चितता गर्दै ज्ञान र सीप दिएर सक्षम नागरिक बनाउने उद्देश्य राष्ट्रिय योग्यता प्रारूपले राखेको देखिन्छ । अनौपचारिक प्रकृतिबाट हासिल गरेका ज्ञान र सीपलाई राष्ट्रिय योग्यता प्रारूपले निर्धारण गरेको निश्चित मापदण्ड उत्तीर्ण भएपछि औपचारिक शिक्षाको अध्ययनमा समेत जान पाउने पारगम्यताको सुविधा यसले प्रदान गरेको छ । अर्थात् राष्ट्रिय योग्यता प्रारूपले गुणस्तरीय शिक्षा तथा व्यावसायिक तालिममा बिना भेदभाव सबैलाई समान पहुँचको अवसर प्रदान गर्दछ । दक्ष जनशक्ति उत्पादनमा कोसे ढुंगा साबित हुने राष्ट्रिय योग्यता प्रारूप के, किन र कसरी भन्ने सम्बन्धमा प्रस्तुत लेखमा खोतल्ने प्रयास गरिएको छ ।

आजको २१औँ शताब्दीमा विज्ञान तथा सूचना प्रविधिमा तीब्र गतिमा भएका उपलब्धीलाई सहज उपयोग गर्नका लागि आफुमा भएका मौजुदा ज्ञान र सीपलाई अद्यावधिक गराई राख्नुपर्ने हुन्छ । सिकाइ जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । ज्ञान र विज्ञानमा क्षण-क्षणमा नविन आविष्कारहरु भइराखेका हुन्छन् । विश्व परिवेशमा निरन्तर भइराख्ने नयाँ-नयाँ खोज र परिवर्तनलाई आत्मसात गर्न निरन्तर अध्ययन र अभ्यासको खाँचो पर्दछ । त्यसको लागि कुनै निश्चित समयमा औपचारिक शिक्षामार्फत हासिल गरेका ज्ञान र सीप मात्र पर्याप्त नहुन सक्छन् । अर्कोतर्फ, विभिन्न कारणबाट औपचारिक शिक्षाको पढाइ बीचैमा छोड्न बाध्य भएका कैयौं जनसमुदायले पुनः आफ्नो अध्ययनलाई निरन्तरता दिन नपाएका बग्रेल्ति गुनासाहरु पनि पाइन्छन् । यस्तो परिवेशमा अनौपचारिक प्रकृतिको राष्ट्रिय योग्यता प्रारूपको माध्यमबाट प्रदान गरिने सिकाइका अवसर बरदान सावित हुनसक्छ ।

राष्ट्रिय योग्यता प्रारूपको प्रमुख उद्देश्यहरुमा अनौपचारिक तथा वैकल्पिकरूपमा हासिल गरेका ज्ञान, सीप तथा दक्षता परीक्षण र प्रमाणिकरण गरी समकक्षता प्रदान गर्नु, सिकारुको रूचिअनुसार अनौपचारिक वा औपचारिक माध्यमबाट थप शिक्षा आर्जन गर्न प्रोत्साहित गर्नु, समाज र समयको माग तथा व्यक्तिको क्षमताअनुसार सक्षमता हासिल गर्ने अवसर प्रदान गर्नु, समग्रमा देश विकासमा आवश्यक पर्ने दक्ष एवम् प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्दै बेरोजगारी समस्यालाई न्यूनिकरण गर्नु आदी पर्दछन् । अहिलेसम्म औपचारिक शिक्षाबाट प्राप्त ज्ञान, सीप र क्षमतालाई मात्र प्रमाणिकरण गरिँदै आएको अभ्यास देखिन्छ । अनौपचारिक र अतिरिक्त शिक्षामार्फत परम्परागत अनुभव, ज्ञान, सीपका दक्षता मापन गरेर प्रमाणिकरण गर्ने नीति खासै छैन । प्राविधिक शिक्षा परिषद्ले सीप परीक्षणको प्रमाणिकरण मात्रै गर्दै आएको पाइन्छ । अहिले पनि ६० लाखभन्दा बढी नेपाली युवायुवतीहरु कामदारको रूपमा विदेशिएका सरकारी तथ्यांकले देखाउँछ । अनौपचारिकरूपमा आफुखुशी विदेशिएकाको संख्यासमेत जोड्ने हो भने त यो संख्या विकराल नै छ । यसरी विदेशिने युवाहरुमा अधिकांश अदक्ष, वा अर्धदक्षको संख्या बढी छ । दक्ष कामदारको रूपमा विदेशीने युवायुवतीको संख्या नगन्य नै छ । उनीहरुमा भएको ज्ञान र सीपको उचित परीक्षण गरी आधिकारिकरूपमा प्रमाणिकरण हुने व्यवस्था नभएको कारण पनि कम पारिश्रमिकमा काम गर्न बाध्य भएका छन् । विदेशिएका युवाहरुले पठाएको रेमिटेन्सले हाम्रो अर्थतन्त्रलाई ठूलो टेवा पुगेको जगजाहेर नै छ । यदी ज्ञान र सीपको सक्षमतालाई उन्नत बनाएर प्रमाणिकरण गर्न सकेमा उनीहरुको पारिश्रमिक सँगसँगै देशमा प्राप्त हुने रेमिट्यान्स पनि बढ्ने वास्तविकता हो । अर्कोतर्फ, स्वदेशभित्रै रहेका युवायुवतीहरु पनि आफुमा भएका परम्परागत ज्ञान, सीप र अनुभवको प्रमाणिकरणको अभावमा थप अध्ययन र अभ्यास गर्ने तथा उन्नत रोजगारी प्राप्तिको अवसरबाट बन्चित हुन पुगेका छन् ।




*अहिलेसम्म औपचारिक शिक्षाबाट प्राप्त ज्ञान, सीप र क्षमतालाई मात्र प्रमाणिकरण गरिँदै आएको अभ्यास देखिन्छ । अनौपचारिक र अतिरिक्त शिक्षामार्फत परम्परागत अनुभव, ज्ञान, सीपका दक्षता मापन गरेर प्रमाणिकरण गर्ने नीति खासै छैन । प्राविधिक शिक्षा परिषद्ले सीप परीक्षणको प्रमाणिकरण मात्रै गर्दै आएको पाइन्छ ।*

यस्ता विसंगति र व्यवधानलाई सम्बोधन गर्ने उद्देश्यका साथ राष्ट्रिय योग्यता प्रारूपको थालनी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले गरेको छ ।

विश्वमा राष्ट्रिय योग्यता प्रारूपको सुरुवात सन् १९७०मा दक्षिण अफ्रिकाका काला जातिका श्रमिकहरुले जीविका चल्ने न्यूनतम ज्यालाको माग गरेर आन्दोलन चलाएपछि भएको हो । त्यस बखत श्रमिकहरुले न्यूनतम ज्याला पाउनुको कारण आवश्यक सीपको अभाव भएको भन्ने निष्कर्ष निकालिएको थियो । यसैका आधारमा दक्षिण अफ्रिकामा साउथ अफ्रिकन क्वालिफिकेशन अथिरिटिको स्थापना गरेर श्रमिकलाई आवश्यक ज्ञान र सीपको तालिम दिने व्यवस्था गरियो । भारतमा नेशनल स्किल्स डेभलपमेन्ट, इण्डोनेसियामा नेशनल क्वालिफेकशन बोर्ड, कम्बोडियामा कम्बोडियन क्वालिफेकसन अथोरिटि, अष्ट्रेलियामा अष्ट्रेलियन क्वालिफिकेशन फ्रेमवर्क जस्ता योग्यता निर्धारणका ढाँचामार्फत वर्षौं अगाडी देखि राष्ट्रिय योग्यता निर्धारण गर्दै आएको पाइन्छ ।

